का.जि.प्र.का.द.नं. १००/०५९/६०

१७ चैत २०७८,
बिहीबार
31 March 2022,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ५४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## प्रधानमन्त्रीको भारत भ्रमण

# सम्बन्ध सुधारको अवसर

चिनियाँ उच्च नेतृत्वको नेपाल भ्रमण लगत्तै प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमण तय हुनुलाई चासोका साथ हेरिएको छ । आठ महिना अगाडि प्रधानमन्त्री बनेका देउवाको यसअघि तय भइसकेको भारत भ्रमण अन्तिम समयमा स्थगित भएको थियो ।

इपिजी प्रतिवेदन स्वीकार गर्न आलटाल, सार्क राष्ट्रको बैठकका लागि अरुचि र नेपालले सीमाबारे राखेको चासोको रेस्पोन्स नगर्ने प्रवृति भारतीय शासकमा मौलाएको छ ।'

**देवेन्द्र भट्टराई**
कुटनीतिक मामलाका जानकार



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १६ चैत ।

प्रधानमन्त्री शेरबहादुर देउवा तीनदिने भारत भ्रमणमा निस्कँदैछन् । परराष्ट्र मन्त्रालयका अनुसार प्रधानमन्त्री देउवाले चैत १८ देखि २० सम्म भारतको भ्रमण गर्नेछन् ।

भ्रमण टोलीमा देउवा पत्नी आरजु देउवा, परराष्ट्रमन्त्री नारायण खड्का, अन्य केही मन्त्री र विभिन्न मन्त्रालयका सचिवहरू सहभागी हुनेछन् । भ्रमणका क्रममा प्रधानमन्त्री देउवाले भारतका उपराष्ट्रपति बैंकैया नायडूसँग पनि भेटवार्ता गर्ने कार्यक्रम छ ।

भ्रमणको दोस्रो दिन नेपालका प्रधानमन्त्री देउवाले भारतका प्रधानमन्त्री मोदीसँग औपचारिक रुपमा द्विपक्षीय भेटवार्ता गर्नेछन् । देउवाले भ्रमणकै दौरान उत्तर प्रदेशको धार्मिक सहर बनारसको पनि भ्रमण गर्ने कार्यक्रम छ । प्रधानमन्त्री देउवालाई भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल र विदेशमन्त्री एस जयशंकरले पनि भेट्ने कार्यक्रम छ ।

पाँचौ पटक प्रधानमन्त्री भएपछि देउवाले पहिलो पटक भारतको भ्रमण गर्न लागेका हुन् । पाँचौ पटक प्रधानमन्त्री भएपछि उनको पहिलो विदेश भ्रमण हुन लागेको हो । यसअघि उनी भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको गृह राज्य गुजरातमा हुन लागेको 'भाइब्रेन्ट गुजरात समिट' मा भाग लिन जान लागेका थिए । तर कोरोना भाइरसको प्रकोप बढेपछि स्थगित भएको थियो ।

नेपालमा चीनका स्टेट काउन्सिलर तथा विदेश मन्त्री वाङ यीले तीन दिने भ्रमण गरे लगत्तै देउवा भारत भ्रमणमा निस्कन लागेका छन् । यसकारण उनको भारत भ्रमणलाई थप अर्थपूर्ण रुपमा हेरिएको कुटनीतिका जानकारहरु बताउँछन् ।

कुटनीतिक मामलाका जानकार देवेन्द्र भट्टराई देउवाको भारत भ्रमण मुख्यत भारतसंगको सुमधुर सम्बन्धको निरन्तरता नै रहेको बताउँछन् । 'इपिजी प्रतिवेदन स्वीकार गर्न आलटाल, सार्क राष्ट्रको बैठकका लागि अरुची र नेपालले सीमाबारे राखेको चासोको रेस्पोन्स नगर्ने प्रवृति भारतीय शासकमा मौलाएको छ' भट्टराईले भने । यी विषयलाई सम्बोधन गर्ने र नेपाल भारत सम्बन्धलाई थप सुदृढ बनाउने प्रयास प्रधानमन्त्रीको भ्रमणमा हुने उनको विश्वास छ ।

'नेपाल-भारत सम्बन्ध विग्रिएको छैन्, सप्रिएको पनि छैन् । सुमधुर सम्बन्ध निरन्तरताको विषय पनि छ' भट्टराई थप्छन्, ' समग्रमा प्रधानमन्त्री देउवाको भारत भ्रमण सम्बन्ध सुधारको अवसर नै हो ।'

कुटनीतिक मामलाका जानकार भट्टराईले भने जस्तै प्रबुद्ध व्यक्ति समूह (ईपीजी)को प्रतिवेदन स्वीकार गर्न भारतले आलटाल गरिरहेको छ । नेपाल-भारत द्विपक्षीय सम्बन्ध सुदृढ बनाउन, नेपाल-भारत सीमा समस्या समाधान गर्न र दुई देशबीच भएका सन्धि सम्झौता लगायतका विषयमा सिफारिस गर्न गठित ईपीजीले प्रतिवेदन तयार पारेर राखेको छ । तर, भारतले स्वीकार नगर्दा यो उक्त प्रतिवेदन समेत सार्वजनिक हुन सकेको छैन् ।

यो विषयलाई प्रधानमन्त्री देउवाले कुन रुपमा उठाउँछन भन्ने विषयले पनि उनको भ्रमणको अर्थ राख्ने यस क्षेत्रका जानकारहरु बताउँछन् । नेपाललाई भारतले गर्ने भनेका सहयोगका विषय, विकास निर्माण आयोजनाका विषय पनि प्रधानमन्त्रीको भारत भ्रमणको एजेण्डा छ ।,

साथै, नेपालले अमेरिकी सहयोग सम्बन्धी परियोजना एमसीसी संसदबाट अनुमोदन गरेसंगै एमसीसी अन्तर्गत गर्ने अन्तरदेशीय प्रसारण लाइन बनाउँदा भारतको अनुमति लिनुपर्ने विषय अगाडि आएको छ । प्रसारण लाइनको रुट भारतीय भूभागमा समेत पर्ने भएकाले त्यसका लागि भारत सरकारको सहमति लिनुपर्ने विषय एमसीसी सम्झोतामा छ । यसकारण देउवा भ्रमणमा यो विषयले पनि प्रवेश पाउन सक्छ ।

तर, एमसीसी नै पारित गरेपछि चिनियाँ विदेश मन्त्रीले नेपालको भ्रमण गरेका छन् । चिनियाँ विदेश मन्त्रीको नेपाल भ्रमणलाई लिएर भारतमा संशय पैदा भएको हुन सक्छ । यसलाई पनि प्रधानमन्त्री देउवाले चिर्ने अवसर भ्रमणका क्रममा पाउनेछन् ।

# चुनाव लड्न ठेकेदारलाई कडाइ

बुधवार बसेको आयोगको बैठकले स्थानीय तह निर्वाचनमा उम्मेदवारको मनोनयनपत्र साथ पेस गर्नुपर्ने स्वघोषणाका बुँदाहरु सार्वजनिक गरेको छ ।



**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १६ चैत ।

निर्वाचन आयोगले स्थानीय तहको चुनावमा ठेक्कापट्टामा संलग्न व्यक्ति उम्मेदवार हुन नपाउने ब्यवस्था गरेको छ। स्थानीय तहको ठेक्कापट्टामा संलग्न व्यक्तिले चुनावमा उम्मेद्वारी दिन नपाउने व्यवस्था आयोगले गरेको छ ।

'नियमावलीमा उम्मेदवार बन्न स्वःघोषणा गर्नुपर्ने बुँदाहरू समेटिएका छन्, त्यसलाई विज्ञप्तिमा ल्याइएको मात्र हो ।'

**शालिग्राम शर्मा पौडेल**
प्रवक्ता, निर्वाचन आयोग

बुधवार बसेको आयोगको बैठकले स्थानीय तह निर्वाचनमा उम्मेदवारको मनोनयनपत्र साथ पेस गर्नुपर्ने स्वघोषणाका बुँदाहरू सार्वजनिक गरेको छ। जहाँ आयोगले ठेकेदारको विषय समावेश गरेको हो । 'आयोगले संविधान तथा निर्वाचन सम्बन्धी प्रचलित कानुनी व्यवस्था समेतको आधारमा स्थानीय तह निर्वाचनमा उम्मेद्वार हुने प्रचलित कानुन बमोजिम

– बाँकी पृष्ठ २ मा

## समावेशी उम्मेद्वार बनाउन निर्देशन

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ चैत ।

निर्वाचन आयोगले राजनीतिक दलहरुलाई संविधान र निमय अनुसारको समावेशीताको प्रावधान र त्यसको कार्यान्वयनको पाटो सम्झाएको छ । स्थानीय तहको प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्षको पद मध्ये एक पदमा महिलाको मनोनयन अनिवार्य हुनुपर्ने व्यवस्था सम्झाएको छ ।

२०७४ मा १७५ दलित महिला वडा सदस्य पदमा उम्मेदवारी नै नपरेका कारण पुरै अवधि उक्त पद

– बाँकी पृष्ठ २ मा

## एमालेको चरणबद्ध तयारी



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १६ चैत ।

स्थानीय चुनावका लागि प्रतिबद्धतापत्र तयारीबारे प्रमुख विपक्षी दल नेकपा एमालेले बुधबार अन्तरक्रिया गरेको छ । अध्यक्ष केपी शर्मा ओलीले भर्चुअल अन्तरक्रियाको उद्घाटन गरे । प्रतिबद्धता संयोजन समितिका सदस्यहरु, स्थायी कमिटीका नेताहरु,

– बाँकी पृष्ठ २ मा

## दूतावासले प्रमाणीकरण रोकेकोमा मलेसियाका रोजगारदाताहरु असन्तुष्ट

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ चैत

मलेसियास्थित नेपाली दूतावासले नेपाली कामदारको मागपत्र प्रमाणीकरण रोकेकोमा मलेसियाका रोजगारदाताहरु असन्तुष्ट बनेका छन् । सन् २०२० देखि बन्द रहेको मलेसिया रोजगारको मागपत्र मलेसियास्थित नेपाली दूतावासले गत माघ २८ गतेदेखि प्रमाणीकरण गर्न शुरु गरेको थियो । करिब तीन वर्षदेखि रोकिएको डिमाण्ड एटेस्टेशनको कार्य शुरूवात भएको डेढ महिना नपुग्दै प्राविधिक कारण भन्दै पुनः रोकिँदा रोजगारदाताहरू दूतावास असहयोगी बनेको निष्कर्ष निकाल्दै असन्तुष्ट बनेको बताइएको छ ।

यसैबीचमा मलेसियाका प्रधानमन्त्री इस्माईल साब्री याकुबले आगामी मे महिनादेखि कामदारको न्यूनतम तलब १ हजार ५ सय बनाउने घोषणा गरे । मलेसियाका प्रधानमन्त्रीले सार्वजनिकरूपमा कामदारको तलब बढाउने घोषणा गरे पनि मन्त्रिपरिषद्ले निर्णय गरिसकेको छैन । तर दूतावासमा यसअघिको निर्णय अनुसार न्यूनतम १ हजार २ सय तलब राखेर पेश गरेका मागपत्र प्रमाणीकरण गर्न आनाकानी गरेर आफुहरूलाई अविश्वास गरेको रोजगारदाताहरूको गुनासो रहेको एक

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## लोकतान्त्रिकमा उम्मेद्वारका आकांक्षीहरु अझै बढ्दै

**काठमाडौं/मस-** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको महासचिव पदमा आकांक्षीहरु अझ बढ्दै गएका छन् । मध्यान्ह दैनिकको बुधबारको अंकमा महासचिवमा वर्तमान सचिव कमल काफ्ले र नेपाल बैदेशिक रोजगार ब्यबसायी संघका पूर्व सचिव विनोद जंग केसी आकांक्षी रहेको समाचार प्रकाशित भएको थियो ।

उक्त समाचार सार्वजनिक भएपछि नेपाल वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान सचिव मेघनाथ भुर्तेल, एसोसिएसनका कोषाध्यक्ष कृष्णप्रसाद जैशी तथा सदस्य विक्रम श्रेष्ठले पनि महासचिवको लागि तयारी गरिरहेको बताए ।

सचिव काफ्लेले आफु हाल सचिवको जिम्मेवारीमा रहेकोले महासचिवमा आकांक्षा राख्नु

– बाँकी पृष्ठ २ मा

## श्रम स्वीकृति रद्द गर्न विभाग जान नपर्ने

काठमाडौं/मस- वैदेशिक रोजगार विभागले श्रम स्वीकृति रद्द गर्न र बीमा रकम भुक्तानीका लागि विभाग जानु नपर्ने व्यवस्था गरेको छ । विभागले श्रम स्वीकृति रद्द सम्बन्धी सेवासमेत सम्बन्धित कार्यालय प्रमुखबाट हुने गरी निर्णय गरेको बताएको छ ।

यसअघि श्रम स्वीकृतिपछि सम्बन्धित कामदार तोकिएको कम्पनीमा नगए विभागको कम्प्युटर शाखाले श्रम स्वीकृति रद्द गर्ने गरेको थियो भने बीमा रकम भुक्तानीका लागि श्रम स्वीकृति लिएको विभागको पत्र चाहिने व्यवस्था थियो ।

विभागका महानिर्देशक शेषनारायण पौडेलले श्रम स्वीकृति रद्द गर्ने अख्तियारी वैदेशिक रोजगार कार्यालय ताहाचलका कार्यालय प्रमुखलाई दिइएको र बीमा रकम भुक्तानीका

– बाँकी पृष्ठ २ मा

## नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार व्यवसायी एशोसिएसनको निर्वाचन सहितको ११ औं साधारणसभा सम्बन्धी सूचना

नेपाली काँग्रेसको शुभेच्छुक संस्था यस नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसनको **निर्वाचन सहितको ११ औं साधारण सभा मिति २०७९ साल बैशाख ०७ गते बुधबार**का दिन आयोजना हुन गईरहेको ब्यहोरा सम्पूर्ण सदस्यज्यूहरूलाई सहर्ष जानकारी गराउदैं निर्वाचनमा भाग लिनको लागि **मिति : २०७८।१२।२५ गतेभित्रमा एशोसिएसनको कार्यालयमा आईपुग्ने गरी** एशोसिएसनसँग आबद्ध सम्पूर्ण बैदेशिक रोजगार ब्यवसायी सदस्य संस्थाहरूले अनिवार्य आ–आफनो सदस्यता नवीकरण गरी आफ्नो संस्थाबाट साधारणसभामा सहभागिताको लागि प्रतिनिधि दर्ता गराई साधारणसभालाई सफलतापूर्वक सम्पन्न गराउन यहाँहरूको सक्रिय सहभागिताको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**जय नेपाल !**

आबश्यक कागजातहरू
१. कम्पनीको लेटरहेडमा निवेदन
२. सेयर लगत प्रमाणपत्रको प्रतिलिपि
३. नागरिकता वा राहदानीको प्रतिलिपि
४. पार्सपोर्ट साईजको २ प्रति फोटो
५. तोकिएको लेवी

**भवानी निरौला**
**महासचिव**
**नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसन**
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४४६६४२८
कार्यालय सचिवः ९८५१२३७५०१
ईमेलः ndfeefforum@gmail.com

# कांग्रेस 'स्थानीय तह निर्वाचन केन्द्रीय परिचालन समिति' ले पायो पूर्णता

**काठमाडौं/मस-** नेपाली कांग्रेसले पार्टीको 'स्थानीय तह निर्वाचन केन्द्रीय परिचालन समिति' लाई पूर्णता दिएको छ ।

प्रधानमन्त्री एवं पार्टी सभापति शेरबहादुर देउवाले यही चैत १५ गतेको पार्टीको केन्द्रीय कार्यसमिति बैठकको निर्णयानुसार उपसभापति पूर्णबहादुर खड्काको संयोजकत्वमा गठन भएको समितिमा बुधबार सदस्यहरु मनोनयन गरेका हुन् ।




समितिको सदस्यहरुमा अर्का उपसभापति धनराज गुरुङ, महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा, सहमहामन्त्रीहरु फरमूल्लाह मन्सुर, उमाकान्त चौधरी, महालक्ष्मी उपाध्याय 'डिना', भीष्मराज आङ्दम्बे, महेन्द्र यादव, किशोरसिंह राठौर, बद्री पाण्डे र जीवन परियार रहेका छन् ।

यसैगरी समितिको सदस्यमा केन्द्रीय सदस्यहरु डा शशाङ्क कोइराला, अर्जुननरसिंह केसी, प्रवक्ता डा प्रकाशशरण महत, डा शेखर कोइराला, बालकृष्ण खाँण, पद्मनारायण चौधरी, एनपी साउँद, सुरेन्द्रराज पाण्डे, शङ्कर भण्डारी, मीनबहादुर विश्वकर्मा, सीता गुरुङ, केशवकुमार बुढाथोकी, श्यामकुमार घिमिरे, प्रदीप पौडेल, कल्याणकुमार गुरुङ, चिनकाजी श्रेष्ठ, मोहनबहादुर बस्नेत, डा डिला सङ्ग्रौला, लक्ष्मी परियार, योगेन्द्र चौधरी मनोनित भएका छन् ।

सभापति देउवाले केन्द्रीय सदस्यहरु महेन्द्रकुमार राय, गेहेन्द्र गिरी, सञ्जयकुमार गौतम, तारामान गुरुङ, मधु आचार्य, मदनबहादुर अमात्य, उमेशजङ्ग रायमाझी, उदयशम्शेर राणा, जीतजङ्ग बस्नेत, नैनसिंह महर, दिलमान पाख्रिन, रामहरि खतिवडा, अञ्जनी श्रेष्ठ, रङ्गमती शाही, मञ्जुकुमारी यादव, सरस्वती अर्याल तिवारी, मञ्जु खाँण, गुरु बराल, प्रतिमा गौतम, कुन्दनराज काफ्ले, हरिशरण नेपाली, नानु बाँस्तोला, सीताकुमारी राना र जीवन रानालाई समिति सदस्यमा मनोनित गरेका छन् ।

# जनताको आवश्यकता सम्बोधन नै लोकतन्त्रको संस्थागत : राष्ट्रपति

**काभ्रेपलाञ्चोक/मस-** राष्ट्रपति विद्यादेवी भण्डारीले जनताका दैनिक आवश्यकता प्रत्यक्ष सम्बोधन हुनु नै लोकतन्त्र संस्थागत गर्ने सबैभन्दा ठूलो माध्यम भएको बताएकी छन् ।

काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका-५ कानपुरका पुनःनिर्माण गरिएको प्राचीन कालिका मन्दिरको बुधबार उद्घाटन गर्दै उनले नेपाली जनताको ठूलो त्याग र बलिदानको फलस्वरूप निर्माण भएको वर्तमान संविधानले जनतालाई प्रदान गरिने सेवा र सुविधामा सहज पहुँचको माध्यमबाट आर्थिक-सामाजिकरूपान्तरण हासिल गर्न स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको बताइन् । उनले भनिन्, 'संविधानको यस भावनालाई आत्मसात गरी प्रत्येक जनप्रतिनिधिले आफूलाई सदैव जनताको सेवामा समर्पित गर्नुपर्दछ ।'



भण्डारीले स्थानीय तहमा भौतिक निर्माण र पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दा प्रकृतिको संरक्षण गरी वातावरण जोगाउने कार्यलाई विशेष महत्व दिनुपर्ने बताइन् । 'हरियाली प्रवर्द्धन गर्ने, पानीका मूल बचाउने एवं जैवीक विविधताको रक्षागर्ने कार्यबाट मात्र हामीले यस सुन्दर धर्तीलाई भावी पुस्तासमेतका लागि सुरक्षित बनाउन सक्दछौं' उनले भनिन् ।

उनले स्थानीय तहका प्रतिनिधिका साथै सम्बद्ध सबै पक्षमा विकाससम्बन्धी नीति, कार्यक्रम तथा योजना तर्जुमा गर्दा वातावरण संरक्षणको विषयलाई उच्च प्राथमिकतामा राख्ने सुदृढ संकल्पका लागि विशेष आह्वान समेत गरिन् ।

भण्डारीले जनप्रतिनिधिले नागरिकलाई शिक्षा, स्वास्थ्य, शुद्ध पिउने पानी एवं सरसफाईजस्ता आधारभूत सेवा सरल र रहजरूपमा उपलब्ध गराउने विषय सबैको गम्भीर सरोकारको विषय बन्नुपर्ने बताइन् ।

भण्डारीले नगरले आफ्नो क्षेत्रमा गुणस्तरीय शिक्षा, सामुदायिक विद्यालयका बालबालिकाका लागि दिवा खाजा, पर्यटन तथा कृषि क्षेत्रको उन्नयनमा निरन्तर काम गरेको चर्चा गरिन् ।

नगरप्रमुख टंकप्रसाद शर्मा तिमल्सिनाले २०७२ सालको विनाशकारी भूकम्पका कारण क्षतिग्रस्त उक्त मन्दिर पुरातत्व विभागको रु एक करोड ४० लाख, राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको रु ६० लाख तथा नमोबुद्ध नगरको रु चार लाख गरी रु दुई करोड चार लाखमा निर्माण सम्पन्न भएको जानकारी दिए ।

# 'कुरा हैन, काम गरेर देखाऔं'

**चन्द्रौटा/मस-** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले कुरा मात्र गरेर हैन काम गरेर देखाउनुपर्ने समय आएको बताएका छन् ।



निर्वाचनको बेला कुरा गरेर जनमतलाई आफूतर्फ ल्याउने र पछि कुनै काम नगर्ने प्रचलन अब अन्त्य भएको जिकिर गरे । कपिलवस्तुको जितपुरमा बुधबार आयोजित पार्टीको आमसभा तथा प्रवेश कार्यक्रममा अध्यक्ष लिङ्देनले मुलुकलाई समृद्ध बनाउन देश र जनतालाई शिरमा राखेर काम गर्नुपर्ने बताए ।

'पटकपटक अन्य पार्टीलाई जिताउँनुभयो, अब एक पटक रापप्रालाई जिताउँनुहोस्', लिङ्देनले भने, 'पाँच वर्षको लागि राप्रपाालाई जिताए देशको मुहार फेर्ने छौं ।' एकतीस वर्षसम्म देशमा नेतृत्व गरेका दलले देश विकास गर्न नसकेको जिकिर गर्दै उनले अब नागरिक सजग भएर राप्रपालाई मतदान गर्नुपर्ने बताए ।

# बक्यौता नबुझाउने तीन क्यासिनो बन्द गराउन पत्राचार

**काठमाडौं/मस-** पर्यटन विभागले सरकारलाई बुझाउनुपर्ने बक्यौता रकम नबुझाउने तीन क्यासिनो बन्द गराउन पत्राचार गरेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले ती क्यासिनोलाई बक्यौंता रकम बुझाउन पाँच दिनको समयसीमा दिएका थिए ।

बक्यौंता रकम बुझाउन दिइएको म्याद अवधिसम्म पनि ती क्यासिनोले सरकारलाई तीर्नुपर्ने बक्यौंता रकम नबुझाएका कारण आज पर्यटन विभागले सूचना प्रकासित गरी क्यासिनो बन्द गराउन गृह मन्त्रालय तथा प्रहरी प्रधान कार्यालय नक्साललाई पत्राचार गरेको पर्यटन विभागका होटल तथा क्यासिनो हेर्ने अधिकृत खेमराज जोशीले बताए ।

उनले भने, 'सरकारलाई बुझाउनुपर्ने बक्यौंता रकम बुझाउन हामीले तीन क्यासिनो कम्पनीलाई पाँच दिनको समय दिएका थियौं, उहाँहरूले बक्यौंता नबुझाएकाले बन्द गराउनका लागि पत्राचार गरेका हौं ।' पर्यटन विभागले दिएको जानकारीअनुसार रक इन्टरनेशनल प्रालि काठमाडौंको रु ३० करोड ३८ लाख, ह्याप्पी आवर काठमाडौंको रु ३० करोड १७ लाख र ओरियन्टल होटल्स (र्‍याडिसन होटल) लाजिम्पाटको नाममा रु ३० करोड सरकारलाई क्यासिनो सञ्चालन बापत तीर्नुपर्ने बक्यौता बाँकी छ । पटकपटक बक्यौता रकम बुझाउन क्यासिनो कम्पनीलाई पत्रचार गरिए पनि नबुझाएकाले क्यासिनो नियमावली, २०७० को नियम १४ बमोजिम ती कम्पनीका इजाजतपत्र/अनुमतिपत्र रद्ध गरिएको विभागले जनाएको छ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभागको
सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **श्री ब्लुमुन ओभरसिज नेपाल प्रा.लि. (ई.प.नं. ३१२)** ले आफ्नो साविकको शाखा कार्यालयको ठेगाना **ताप्लेजङ्ग जिल्ला, फुङलिङ न.पा., वडा नं. ०१** लाई परिवर्तन गरी **झापा जिल्ला विर्तामोड न.पा., वडा नं. ०४**, कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

भूल सुधार

मिति २०७८/१२/१२ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कुवेतमा वैदेशिक रोजगार शिर्षक, कम्पनीको नामः **Al-aysh International Group For General Trading & Contracting Co. W.L.L.** चलानी नं.: ६०१७६५७८ र **L.T. No.:260372,** पूर्व स्वीकृत मिति: २०७८/१२/११ को विज्ञापनमा अन्तर्वार्ता होटेल इस्टर्न प्यालेस, इटहरी, सुनसरीमा २०७८ चैत १९ गते **(2 April 2022)** हुनपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**Manakamana Foreign Employment Co. P. Ltd.**
Nagarjun-4, Sitapaila, Kathmandu. Tel: 01-4034677
Email: manakamanamfec1@gmail.com
Licence No. 753/064/065

QATAR ID हरायो

मिति २०७८/१२/०३ गते अन्दाजी २ बजे गोदावरीबाट सातदोबाटो तर्फ आँउदा मेरो निम्न व्यहोरा भएको **State of Qatar Residency Permit ID** हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध गर्दछु ।

**नामः कुलमान घलान**
**राहदानी नं.: १०१६४६१८**
**ठेगानाः बकैया गा.पा.–११**
**सम्पर्कः ९८४५७०४८५१**
**Qatar ID No.: 27252418406**

## चुनाव...

योग्यता पुगेको कुनै पनि व्यक्तिले मनोनयन दर्ता गर्दा स्वघोषणा गर्नुपर्ने र आफूले गरेको स्वघोषणाप्रति उम्मेदवार स्वयम् जिम्मेवार हुनुपर्ने नयाँ व्यवस्था गरेको छ,' आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

उनका अनुसार, उम्मेदवारको मनोनयनपत्र साथ पेश गर्नुपर्ने स्वघोषणा पत्रमा विभिन्न बुँदा समेट्नुपर्नेछ । जसमा नेपालको संविधानप्रति पूर्ण निष्ठावान रहेको, २१ वर्ष पूरा भएको नेपालीनागरिक भएको, सम्बन्धित वडाको मतदाताना मावलीमा नाम समावेश भएको, सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने गरी कुनै लाभको पद धारण नगरेको व्यक्तिहरू हुनुपर्ने व्यवस्था गरिएको छ । साथै, स्थानीय तहलाई कुनै नगद वा जिन्सी बुझाउन बाँकी नरहेको, बेरुजु नरहेको हुनुपर्ने व्यवस्था पनि गरिएको छ ।

### सर्वोच्चको वेवास्ता

स्थानीय तहको चुनावमा उम्मेदवार बन्न जनप्रतिनिधिले राजीनामा दिनुपर्ने विषय तत्काल कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएपनि निर्वाचन आयोगले भने त्यसको बेवास्ता गरेको छ । आयोगको बुधवार बसेको बैठकले उम्मेदवार बन्न निर्वाचित पदबाट राजीनामा दिनुपर्ने विषयलाई घुमाउरो तरिकाले जारी गरेको छ ।

'नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक वा सुविधा पाउनेगरी बहाल नरहेको', उम्मेदवारको योग्यतामा उल्लेख छ ।

स्वःघोषणाको (च) बुँदामा भनिएको छ, 'सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने गरी कुनै लाभको पद धारण नगरेको (हुनुपर्ने) ।' आयोगका प्रवक्ता पौडेल नियमावलीको प्रावधानलाई अगाडि सारिएको बताउँछन् । 'निर्वाचन आयोग नियमावलीको अनुसूची १ मा उम्मेदवार बन्नका लागि स्वःघोषणा गर्नुपर्ने प्रशस्त बुँदाहरूलाई नै विज्ञप्तिमा ल्याइएको मात्र हो' प्रवक्ता पौडेलले भने ।

अदालतको अन्तिम फैसला नआएपनि आयोगले निर्णय नगरे पनि आयोगले जारी गरेको विज्ञप्तीले भने बहाल रहेका जनप्रतिनिधिले पदबाट राजीनामा नदिई उम्मेदवारी घोषणा गर्न नपाउने देखिन्छ ।

## समावेशी...

रहेको थियो । संविधान र नियम कानुनका यी प्रावधान सम्झाउँदै आयोगले बुधबार दलहरुको नाममा १२ बुँदे निर्देशन जारी गरेको छ । जहाँ उम्मेदवार तय गर्दा समावेशिता ख्याल गर्न निर्देशन दिइएको छ ।

'प्रचलित कानून बमोजिम सम्पूर्ण वडामा दलित महिलाको उम्मेदवारी हुने व्यवस्थाका लागि अवश्यक पहल गर्ने' आयोगले जारी गरेको विज्ञप्तीमा उल्लेख छ। लैंगिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी उम्मेदवार मनोनयनको व्यवस्था गर्न र अन्य दलीय गतिविधि गर्न निर्देश गरिएको छ ।

राजनीतिक दललाई सामाजिक सञ्जाल प्रयोग गर्दा महिला तथा समावेशी समूहका व्यक्तिको भावनामा नकारात्मक असर पर्न सक्नेतर्फ ख्याल गर्न भनिएको छ । सामाजिक सञ्जालमा प्रयोग गरिने भाषा र शब्दहरुले गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह नगरोस भन्नेमा सचेत रहन ध्यानाकर्षण गरिएको छ ।

## एमालेको ...

प्रदेश पदाधिकारी, जिल्ला इन्चार्ज र स्थानीय तहका पदाधिकारी सहभागी भर्चुअल अन्तरक्रियामा ओलीले एमाले एक्लैले आगामी चुनाव जित्ने बताए ।

'एमालेविरुद्ध गठबन्धन बन्नुले हाम्रो पार्टीको लोकप्रियता पुष्टि हुन्छ । तर हामी डराउनुपर्ने अवस्था छैन', अध्यक्ष ओलीले नेताहरुको मनोवल उच्च पार्ने प्रयास गरेका थिए । एमाले एउटा दल र बाँकी सबै एउटा दलको राजनीतिक अवस्था सिर्जना भएको अध्यक्ष ओलीको भनाइ थियो । 'सबै मिलेपनि एमाले एक्लैले चुनाव जित्छ । हामीसँग डराएरै गठबन्धन बनेको छ', ओलीले भने ।

एमाले नेतृत्वमा संघ, प्रदेश र स्थानीय तहमा भएको कामको प्रचारबाटै फेरि स्थानीय चुनाव जित्ने ओलीले बताए । 'एमाले नेतृत्वको सरकार भएको स्थानीय तहमा भएको कामहरुको विवरण तयार पारौं । अब पाँच वर्ष के गर्छौं भन्ने पनि जनतालाई भनौं', प्रतिबद्धता तयारी संयोजन समिति सदस्य सुशील ज्ञवालीले भनेका थिए ।

अध्यक्ष ओली नेतृत्वको सरकारले २०७४ को चुनावपछि गरेको राम्रो कामको प्रचार गर्नुपर्ने ज्ञवालीले नेताहरुलाई सुझाव दिएका थिए । मंगलबार मात्रै सरकारको नेतृत्व गरिरहेको दल नेपाली कांग्रेसले आवश्यकताको आधारमा तालमेल गर्ने निर्णय गरेको थियो । एमाले बलियो भएको ठाँउमा बाँकी दलहरुको तालमेल हुने निर्णय लगत्तै अध्यक्ष ओलीले नेता तथा कार्यकर्ताको मनोवल उच्च बनाउने प्रयास गरेका छन् । सबै दल मिलेर पनि एमालेलाई हराउन नसक्ने ओलीले सम्झिएका थिए ।

२०७४ को स्थानीय चुनावमा पनि एमाले विरुद्ध गठबन्धन रहेको बैठकमा नेताहरुले सम्झिएका थिए । चैत मसान्तभित्रै उम्मेद्वार सिफारिस गरिसक्ने निर्णय गरेको एमालेले आगामी ९ वैशाखमा प्रतिबद्धतापत्र सार्वजनिक गर्दैछ । प्रतिबद्धता निर्माण गर्न वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलको संयोजकत्वमा मस्यौदा समिति गठन गरेको छ । पोखरेल नेतृत्वको समितिले संघमा र सवै स्थानीय तहले अलगअलग प्रतिबद्धता तयार पार्ने एमालेको तयारी छ ।

स्थानीय चुनावका लागि अन्य दल भन्दा एमालेले व्यवस्थित रुपमा तयारी अगाडि बढाएको छ । ९-१० चैतमा बसेको केन्द्रीय समिति बैठकले उम्मेद्वार सिफारिसको मापदण्ड तय गरेको थियो । एमालेले अन्य दलसँग तालमेल गर्न सम्बन्धित कमिटीलाई अधिकार दिएको छ । तर माथिल्लो कमिटीलाई जानकारी र परामर्श गर्नुपर्ने सर्त राखिएको छ ।

सत्ता गठबन्धनमा रहेका दलहरुले भने स्थानीय तहको उम्मेद्वार चयनबारे ठोस् निर्णय लिन सकेको छैन । फागुन १९ गते साझा उम्मेद्वार चयन गर्न सत्ता गठबन्धनको बैठक बसेको थियो । यसपछि झण्डै एक महिनापछि आज सत्ता गठबन्धनको बैठक बस्दैछ ।

## दूतावासले ...

व्यवसायीले बताए । मलेसियामा न्यूनतम तलबमा भेदभाव नरहेको भन्दै रोजगारदाताहरूले जहिले प्रमाणीकरण भएपनि सरकारले तोकेको तलब कामदारले पाउने अवस्थामा मागपत्र प्रमाणीकरणमा रोक्नु या ढिलाई गर्नु उचित नदेखिएको भनाइ राख्ने गरेको पनि बताइएको छ ।

यसबारेमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्ण कुमार श्रेष्ठ ( किसान ) पनि असन्तुष्ट देखिएका छन्। गत सोमबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री श्रेष्ठले पत्ररारहरुको प्रश्नको जवाफ दिंदै मलेसियास्थित नेपाली दूतावासले प्रमाणीकरण रेकेको भन्ने आफुले पनि सुनेको र यसबारे दूतावासमा कारण बुझ्दा दूतावासकावक्हि कर्मचारीवाई कोरोना संक्रमण भएर कार्यालय नआएका कारण काम रोकिएको जवाफ पाएको बताए । कर्मचारी कार्यालय आउने बित्तिकै प्रमाणीकरण शुरु हुने भनिएको पनि मन्त्री श्रेष्ठले बताए ।

मलेसियास्थित नेपाली दूतावसमा कार्यरत काउन्सिलर श्रम दीपक ढकालले भने अप्रिल पहिलो तारिखदेखि नै मागपत्र प्रमाणीकरण शुरूवात गर्ने भनी सार्वजनिकरूपमा नै प्रष्ट पारेको कारणले सोही मितिदेखि नै मागपत्र प्रमाणीकरण हुने भएकाले शंका उपशंका गर्नु आवश्यक नरहेको मध्यान्हलाई बताए ।

## लोकतान्त्रिकमा...

सबैभन्दा न्यायोचित र प्राकृतिक रहेको दाबी गरे । संघका निवर्तमान सचिव भुर्तेलले संघमा काम गरी प्राप्त गरेको अनुभवले एसोसिएसनलाई प्रभावकारी बनाउन आफ्नो भूमिका प्रभावकारी रहने बताए । जैसीले प्रतिकुल परिस्थितिमा काम गरेर एसोसिएसनलाई प्रभावकारी बनाएकोले महासचिवमा दाबी राख्नु स्वभाविक रहेको बताए । श्रेष्ठले महासचिवको जिम्मेवारी आफुले अन्यले भन्दा प्रभावकारी ढंगबाट सञ्चालन गर्ने दाबी गरे ।

यस्तै युवा व्यवसायी सन्जय पनेरुले एसोसिएसनको तृतीय उपाध्यक्षमा उम्मेद्वारी घोषणा गरेका छन् । गुडलक इन्टरनेशनलका संचालक पनेरुले मध्यान्हसँग संक्षिप्त कुरा गर्दै एसोसिएसनमा युवा व्यवसायीहरुको आकर्षण बढाउन र व्यवसायीका हकहितका लागि काम गर्न आफु सक्षम रहेको दाबी गरे ।

## श्रम...

लागि विभागबाट सम्बन्धित कामदारले श्रम स्वीकृति लिएर गएको हो भनी प्रमाणित गर्नुपर्ने प्रावधानसमेत हटाइएको बताए ।

बीमा रकम भुक्तानीका लागि सम्बन्धित बीमा कम्पनीले विभागको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) बाटै रुजु गर्न सक्ने विभागले बताएको छ ।

हार्दिक श्रद्धाञ्जली



जन्म मिति
वि.स. १९८७/१२/१५
धरान–७, शुक्रपथ
सुनसरी

स्वर्गारोहण मिति
वि.स. २०७८/१२/०६
इटहरी–२, बरगाछी
सुनसरी

स्व. राम प्रसाद श्रेष्ठ

वैदेशिक रोजगार व्यवसायी नेवाःसमाजका प्रथम उपाध्यक्ष
श्री विजय राज श्रेष्ठज्यूका पुजनीय श्रद्धय पिता
**स्वःराम प्रसाद श्रेष्ठ**
असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पूण्यतिथिमा दिवंगत आत्माको चिरशान्तीको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।
साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनि श्री पशुपतिनाथसंग प्रार्थना गर्दछौं ।

**वैदेशिक रोजगार व्यवसायी नेवाःसमाज**

## गोकर्णेश्वरमा दुई दिदी बहिनीको मृत्यु

# बुबा भन्छन्, 'हर्न बजाइरहे,ब्याक गरेर दुवै छोरीलाई टिपरले किच्यो'

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ चैत

काठमाडौं गोकर्णेश्वर नगरपालिका-१ श्वेतवारही मन्दिर नजिकै घर भएका रोहन घिसिङ बुधबार आफ्ना दुई छोरीहरुलाई स्कूल पुऱ्याउन घरबाट निस्किए ।

अरु दिन स्कूल बसमै छोरीहरु जाने भएपनि बुधबार भने स्कूल बस छुटेको थियो । स्कूल बस छुटेपछि छोरीहरुलाई रोहनले नै विद्यालय पुर्‍याउने भए ।

रोहनी ८ वर्षीया ठूली छोरी सृष्टि वर्ल्ड युथ इन्टरनेशनल स्कूलमा २ कक्षामा पढ्थिन् भने ४ वर्षकी श्रेया त्यही स्कूलमा नर्सरीमा पढ्थिन् । उनको घरदेखि बस स्टपसम्म रोहनले दैनिक रुपमा पुऱ्याउने गर्थे । बुधबार पनि ढिलो भएकाले बस छुटेको थियो ।



बुधबार पनि स्कूल बस छुटेको थियो । अहिले श्वेतवारही मन्दिर नजिकैको बाटोमा सडक कालोपत्रेको तयारी हुँदैछ । सडक कालोपत्रे तयारी भएकै कारण त्यहाँ टिपरहरु आउने जाने गर्छन् ।

बुधबार पनि रोहन छोरीहरुलाई बाइकमा राखेर विद्यालय जाने क्रममा अगाडि बालुवा बोकेको टिपर गुडेको थियो ।

सोही क्रममा विपरीत दिशाबाट गाडी आएको थियो । तर सो गाडीलाई बाटो पुगेन । त्यसपछि अचानक बा ४ ख ६९६५ नम्बरको टिपर ब्याक हुन थालेको थियो । रोहनले हरन बजाए । तर टिपरले उनको हर्न सुनेन । उनीहरुलाई किच्यो । टिपरले ठेलेपछि छोरीहरु बाइकबाट खसे । टायरमा परे । सोही क्रममा उनीहरुको निधन भयो । रोहन भने गम्भिर घाइते भए । उनको नेपाल मेडिकल कलेज अत्तरखेलमा उपचार भइ रहेको छ ।

टिपरले किचेर दुई बालिकाको ज्यान गएपछि आक्रोशित स्थानीय र आफन्तले टिपरमा आगजनी गरेका छन् । टिपर चालक भने तत्कालै फरार भएका छन् । स्थानीयले भने घटनाको विरोधमा बुधबार दिनभरजसो सडकमा टायर बाले । मेलम्ची चोक बन्द गरेर विरोध जनाए । स्थानीयलाई तितरबितर पार्न प्रहरीले केही सेल अश्रु ग्याससमेत प्रयोग गरेको थियो ।

शव उठाउन अस्वीकार

यता बालिका दिदीबहिनीको शव उठाउन आफन्तले अस्वीकार गरेका छन् ।

बुधबार दिउँसो स्थानीय प्रशासनले आफन्त र टिपर कम्पनीसँग छलफल गरी सहमती जुटाएको थियो ।

नगरपालिकामा भएको छलफलमा मृतककी आमा र भाइले सहमती जनाएर गएपनि आफन्तले शव बुझ्न मानेका छैनन् ।

छलफलमा ठक्कर दिने टिपरको कम्पनी सुन्दरी माइ वासिङ्ले ४५ लाख रुपैयाँ क्षतिपूर्ति र घाइते रोहन तामाङको उपचार गर्ने सहमती भएको थियो ।

यस्तै, गोकर्णेश्वर नगरपालिकाले पीडित परिवारका एकजनालाई नगरपालिकामा रोजगारी दिने र नगरपालिकाबाट पनि केही रकम उपलब्ध गराउने सहमती भएको थियो । सहमतिमा आफन्तले पनि हस्ताक्षर गरेका थिए ।

## पत्रकारको निःशुल्क उपचारको व्यवस्था कार्यान्वयन गर्छु : मन्त्री खतिवडा

**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्यामन्त्री विरोध खतिवडाले सरकारी स्वास्थ्य संस्थामा पत्रकारलाई निःशुल्क उपचार गर्ने व्यवस्थाको व्यवहारिकरुपमै कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।



नेपाल पत्रकार महासंघको ६७ औं स्थापना दिवसका अवसरमा यहाँ बुधबार आयोजित कार्यक्रममा उनले महासंघको सदस्य रहेका पत्रकारलाई 'उपचार सुविधा परिचयपत्र' का आधारमा देशभित्रका सबै सरकारी स्वास्थ्य संस्थामा निःशुल्क उपचार गर्ने व्यवस्था मिलाउने विषयलाई कार्यान्वयन गर्ने बताए ।

सरकारले आर्थिक वर्ष २०७८-७९ को बजेट प्रस्तुत गर्दा श्रमजीवी पत्रकारका लागि रु सात लाखसम्मको दुर्घटना बीमा गरी प्रिमियमको ५० प्रतिशत रकम नेपाल सरकारले व्यहोर्ने व्यवस्था मिलाइने उनको भनाइ छ । उनले भने, 'यो आर्थिक वर्ष समाप्त हुन लागिसक्दा पनि यो विषय कार्यान्वयन हुन नसकेकामा म चिन्तित छु, विषयगत रुपमा सञ्चार मन्त्रालयअन्तर्गतको कार्यक्रम भए पनि यो कार्यान्वयनको सवाल मेरो मन्त्रालयसँग जोडिएको विषय हो, म मेरै कार्यकालमा यो विषय कार्यान्वयको सुरुआत होस् भन्ने चाहन्छु ।'

मन्त्री खतिवडाले मातहतका कर्मचारीलाई पत्रकारको स्वास्थ्य उपचारको विषय कार्यान्वयनमा ल्याउनका लागि आवश्यक प्रक्रिया अघि बढाउन निर्देशन दिइसकेको जनाउँदै नीति र निर्णयगत सहजीकरण तत्कालै गरी सबै अस्पतालमा सो निर्देशन पठाइदिने र पत्रकारको सरकारी अस्पतालबाट निःशुल्क उपचारको व्यवस्था कार्यान्वयनमा ल्याइने बताए ।

सरकारले स्वास्थ्य बीमा कार्यक्रम लागू गरिरहेको जनाउँदै उनले सबै नेपालीलाई बीमाको दायरामा आउन अपिल समेत गरे । महासंघको ६७ औं स्थापना दिवसका अवसरमा शुभकामना व्यक्त गर्दै उनले कोरोना महामारीको समयमा जनतालाई सही र जिम्मेवार सूचना प्रभाव गर्ने सञ्चारकर्मीको प्रसंशा गरे । महासंघका अध्यक्ष विपुल पोखरेलले प्रेस वितन्त्रतासँगै पत्रकारको पेशागत सुरक्षा र भौतिक सुरक्षा सुनिश्चित् गनुपर्ने माग गरे ।

## स्वास्थ्यकर्मी नहुँदा सेवा प्रभावित



**बागलुङ/मस–** जनशक्ति अभावमा सामुदायिक स्वास्थ्य एकाइको सेवा प्रभावित बनेको छ । काठेखोला गाउँपालिका-३ स्थित धम्जा सामुदायिक स्वास्थ्य एकाइ एक सातादेखि कार्यालय सहयोगीका भरमा छ ।

अनमी मुना थापा तालिममा सहभागि हुन गएपछि कार्यालय सहयोगी जमुना भण्डारीले एकाइ कुर्दै आएकी छन् ।

एकाइमा सामान्य बिरामीको पनि जाँच र औषधोपचार हुन नसक्ने स्थिति छ । एकाइ प्रमुख लोकबहादुर भण्डारी दुई महिनाअघि सुरुवा भएर अन्यत्र गएपछि त्यहाँ जनशक्ति अभाव खड्किएको हो ।

विसं २०७५ मा खुलेको एकाइले स्वास्थ्य चौकी सरहकै सेवा दिँदै आएको थियो । स्वास्थ्यकर्मी नै नभएपछि प्रसूति जाँच, खोप लगायतका सेवा पनि रोकिएका छन् । आएका बिरामीलाई सोही वडाको देउरालीमा रहेको स्वास्थ्य चौकीमा पठाउने गरिएको वडाध्यक्ष एवं एकाइ व्यवस्थापन समितिका अध्यक्ष यामबहादुर श्रीसले बताए ।

उनले भने,'एकाइ प्रमुखको सरुवापछि सेवा प्रभावित भएको छ, अब चुनावअघि जनशक्ति व्यवस्थापन हुन नसक्ने देखिएको छ । भइरहेका स्वास्थ्यकर्मी र कर्मचारीबाट सक्दो सेवा दिन्छौं ।' उनले जनशक्ति व्यवस्थापनका लागि गाउँपालिकामा कुरा राखेको बताए । एकाइ व्यवस्थापन र स्वास्थ्यकर्मी/कर्मचारीको खटनपटन गाउँपालिकाले नै गर्दै आएको छ । यसअघि सेवामा रहनुभएका एकाइ प्रमुख भण्डारीलाई भने देउरालीस्थित स्वास्थ्य चौकीकै दरबन्दीबाट काजमा ल्याइएको थियो । भवनलगायत अरू पूर्वाधारका हिसाबले भने उक्त एकाइ स्वास्थ्य चौकीभन्दा कम छैन । प्रदेश सरकारको झन्डै डेढ करोडको लागतमा सो भवन बनेको थियो । सोही भवनको माथिल्लो तलामा अहिले वडा कार्यालयका लागि संरचना बनिरहेको छ । एकाइले एम्बुलेन्स सेवासमेत दिइरहेको अध्यक्ष श्रीसले बताए । एकाइमा रहेको कोषबाट उपचारमा अर्थाभाव हुने परिवारलाई बिनाब्याज रु.२५ हजारसम्म ऋण दिने गरिएको छ ।

अति विपन्न परिवारका बिरामीलाई अवस्था हेरेर आर्थिक सहायता पनि दिने गरिएको छ । एकाइबाट दिगो र प्रभावकारी रुपमा सेवा दिन जनशक्ति व्यवस्थापन नै मुख्य चुनौतीका रुपमा देखिएको छ । सोही कारण प्रसूति सेवा सञ्चालन गर्न नसकिएको अध्यक्ष श्रीसले बताए । गाउँपालिकाका जनस्वास्थ्य अधिकृत रामचन्द्र लामाले स्वास्थ्य एकाइमा दरबन्दी नहुँदा समस्या निम्तिएको बताए ।

अधिकृत लामाले वडा नं ७ रेशको सामुदायिक स्वास्थ्य एकाइमा पनि जनशक्ति अपुग रहेको उल्लेख गरे । गाउँपालिकाले वडा नं ५ बिहुँ र वडा नं ४ तङ्गामको फापरखेतमा पनि एकाइ स्थापनाका लागि पहल अघि बढाएको छ । भौगोलिक विकटताले स्वास्थ्य चौकी टाढा भएका ठाउँमा सरकारले यस्ता एकाइ खोल्ने गरेको छ । एकाइले न्यूनतम पनि ७० थरीका औषधि निःशुल्क उपलब्ध गराउनुपर्ने व्यवस्था छ । जिल्लाको हुग्दीशिर, दर्लिङ, निसी, पैँयूपाटा, जैदी, बोबाङको ढोरपाटन, ग्वालिचौर, अमरभूमि, खुङ्खानी, नर्जाखानी लगायतका ठाउँमा एकाइ सञ्चालनमा छन् ।

## चिकित्सकले पाएनन् तलबभत्ता

**प्रकाश अधिकारी/मध्यान्ह**
तनहुा, १६ चैत



तनहुँको दमौली अस्पतालमा कार्यरत चिकित्सकले आठ महिनादेखि तलबभत्ता पाएका छैनन् । अस्पतालमा करार सेवामा कार्यरत चिकित्सकले चालु आर्थिक वर्षको साउनदेखि फागुन महिनासम्म तलब भत्ता पाउन नसकेका हुन् ।

तलबभत्ता नपाएको विषयमा चिकित्सकले यस अगाडि पनि पटकपटक अस्पताल व्यवस्थापन समितिको ध्यानाकर्षण गराए पनि चिकित्सकको तलबभत्ता भुक्तानी भएको छैन ।

नेपाल सरकारको छात्रवृत्तिअन्तर्गत करार सेवामा स्वास्थ्य सेवा विभागबाट कामकाज गर्न खटाई पठाइएका मेडिकल अधिकृत, नर्सिङ अधिकृतको तलबभत्ता भुक्तानी हुन् नसकेको र दमौली अस्पताल व्यवस्थापन समितिको आन्तरिक कोषबाट पनि तलब खुवाउन नसकेको हुँदा दैनिक कार्य गर्न कठिनाई भएको चिकित्सकले जनाएको छ ।

चिकित्सकले बुधबार स्वास्थ्य सेवा विभागलाई ज्ञापनपत्र पठाई तलबभत्ताको आवश्यक व्यवस्था मिलाउन माग गरेका छन । अस्पतालमा कार्यरत डा.राजु रानामगर, डा.आस्था रेग्मी, डा. सिन्चन पाण्डे, डा. पूजा सैजु, डा.कृष्ण गिरी, डा. सञ्जिव भण्डारी, डा सुनयन सुवेदी, डा. सुशील विक, डा. प्रशन्न कार्की, सिर्जना आले (नर्सिङ अधिकृत), सम्झना श्रेष्ठ (नर्सिङ अधिकृत), डा.सुप्रिया श्रेष्ठ र डा. अभिनन्दन तिवारीले सामूहिकरूपमा स्वास्थ्य सेवा विभागलाई ज्ञापनपत्र बुझाएका छन् ।

## सडक मर्मतमा चिनियाँ प्रविधिको प्रयोग

**नविन अंकुर/मध्यान्ह**
मनाङ, १६ चैत

उनले भने, 'अब यस कार्यको प्राविधिक, आर्थिक लगायतका सम्पूर्ण विवरण सडक विभाग हुँदै मन्त्रालय पुगेपछि यस प्रविधिबाट ठेक्का लगाई काम गर्ने भएको छ ।'सडक बन्ने बित्तिकै गाडी गुडाउन सहज हुने भएको छ । यस प्रविधि मनाङ जस्ता चट्टानी भूगोल भएको क्षेत्रमा सडक ढलानका बेला वैकल्पिक बाटो प्रयोग गर्न नसकिने ठाउँहरुमा एकदम उपयोगी हुने देखिने नासों गाउँपालिका-१ तालका अन्द्रे गुरुङले बताए । उनले भने, 'यस प्रविधिबाट सडक ढलान गर्दा पानी कम प्रयोग गरिन्छ, रोलर लगाइन्छ र कमप्याक्शनपछि अरू सतहमा नटाँसिने भएकाले ढलानपछि हप्तौं कुर्नुपर्ने बाध्यता हुँदैन ।'


### हार्दिक श्रद्धाञ्जली



जन्म मिति
वि.स. १९८७/१२/१५
धरान–७, शुक्रपथ
सुनसरी

स्वर्गारोहण मिति
वि.स. २०७८/१२/०६
इटहरी–२, बरगाछी
सुनसरी

स्व. राम प्रसाद श्रेष्ठ

हाम्रा शुभेच्छुक एवं वैदेशिक रोजगार व्यवसायी नेवाःसमाजका प्रथम उपाध्यक्ष श्री विजय राज श्रेष्ठज्यूका पुजनीय श्रद्धेय पिता

**राम प्रसाद श्रेष्ठ**

को २०७८ चैत १५ गतेको दिन असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

**सीतादेवी श्रेष्ठ**
प्रकाशक

**मदनकुमार श्रेष्ठ**
सम्पादक

तथा
मध्यान्ह दैनिक
परिवार



### सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/१२/१७**

यस सा.व.स. बाट संकलित साल गोलिया काठ ३७५.९५ क्युफिट र साल दाउरा १ चट्टा विक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ ।

**अकला सामुदायिक वन उपभोक्ता समूह, व्यास- ६, तनहुँ**



### कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/१२/१७**

**एच.ओ.एस. नेपाल प्रा.लि. (H.O.S. Nepal Pvt. Ltd.)**, का.म.न.पा.–२७ को मिति २०७८/१२/०१ र २०७८/१२/०७ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नाम र ठेगानाको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम र ठेगाना परिवर्तन गरी **सेभेन हर्स एजुकेशनल कन्सल्टेन्सी प्रा.लि. (Seven Horse Educational Consultancy Pvt. Ltd.) (प्रा. लि. नं.: २४७६०२)**, का.म.न.पा.–१६ कायम गर्ने गरी मिति २०७८/१२/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/१२/१७**

**पाञ्चाङ्ग हेल्थ होम प्रा.लि.**को मिति २०७७/०४/१५ गते मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **पञ्चाङग हेल्थ होम प्रा.लि. (प्रा. लि. नं.: १८७२९३)**, कायम गर्ने गरी मिति २०७८/०४/२५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



# Dolpo Buddha Rural Municipality
## Office of the Rural Municipal Executive
Dho, Dolpa

### Invitation for Sealed Quotation for procurement of Fabricated Steel Parts for Trail Bridges

**Date of publication: 31-03-2022 (2078-12-17 BS)**

1. ***Dolpo Buddha Rural Municipality*** invites sealedbidsfrom registered fabricators for supply of fabricated steel parts for following Trail Bridges.

| SN | Description of Works | Contract ID | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount | Remarks |
|---|---|---|---|---|---|
| 1 | Fabrication of steel parts and transportation up to road heads Nepalgunj Airport of Jhong Suspended Trail Bridge | DBRM/TB/ SQ/01/2078-079 | NRS. 12,40,433.10/- | NRs.38,000/- | Bidding Document Fee NRs 1,000/- |
| 2 | Fabrication of steel parts and transportation up to road heads Nepalgunj Airport of Toro Sipcho Steel Truss Bridge | DBRM/TB/ SQ/02/2078-079 | NRS.14,55,831.50/- | NRS.44,000/- | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the ***office Of The Municipal Executive***, ***Dolpo Buddha Rural Municipality, Dolpa, Karnali Province, Nepal***
3. Sealed bids must be submitted ***office Of The Municipal Executive***, ***Dolpo Buddha Rural Municipality, Dolpa, Karnali Province, Nepal*** on or before ***12:00*** on ***15-04-2022(20790-01-02 BS)***. Bids received after this deadline will be rejected. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***same day14:00*** at the office of ***Dolpo Buddha Rural Municipality, Dolpa***.

*Chief Administrative Officer*



### सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/१२/१७**

यस सा.व.स. बाट संकलित चिरान काठ ३६४.०८ क्युफिट विक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ ।

**जनकल्याण सामुदायिक वन उपभोक्ता समूह, घिरिङ- २, तनहुँ**



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/१२/१७**

**ब्रिस्क एड्भाजइर्स प्रा.लि.**को मिति २०७८/१२/१२ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ट्याक्सोलुसन कर्प प्रा.लि. (प्रा. लि. नं.: २४९०२२)**, कायम गर्ने गरी मिति २०७८/१२/१५ गते श्री कम्पनी र जिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

**प्रकाशित मितिः २०७८/१२/१७**

यस कार्यालयमा मिति २०७५/१०/२१ मा दर्ता भएको **प्रा.लि.नं. २०८०४४** को **एच.सी.एग्रो एण्ड फार्मिङ्ग प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/१२/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।





मध्यान्ह
www.madhyanhadaily.com
१७ चैत २०७८, बिहीबार
31 March 2022, Thursday

## सम्पादकीय

## सकारात्मक सुझाव

निर्वाचन आयोगले स्थानीय चुनाव केन्द्रीत सुझाव, गतिविधि र निर्णय गर्दै आएको छ । आगामी ३० वैशाखमा हुने स्थानीय चुनावमा केन्द्रीत आयोगले दलहरूलाई १७ बुँदे निर्देशनात्मक ध्यानाकर्षण गराएको छ । चुनावमा समावेशी समानुपातिक सहभागिता सुनिश्चित गर्नपर्ने बाध्यात्मक कानूनी व्यवस्थासहित अन्य क्षेत्रबारे समेत सचेत रहन आयोगले ध्यानाकर्षण गराएको छ । स्थानीय सरकारको प्रमुख र उपप्रमुख मध्ये एक महिला अनिवार्य गर्नपर्ने कानुनी व्यवस्था सम्झाएको आयोगले समावेशी प्रतिनिधित्व बढाउनेबारे सचेत रहन दलहरूसँग आग्रह गरेको छ । २०७४ को निर्वाचनमा हरेक वडामा एक जना दलित महिला अनिवार्य उम्मेद्वार हुनुपर्ने व्यवस्था समेत कार्यान्वयन हुन नसकेको संस्मरण गरिएको छ । दलिम महिलाको उम्मेद्वारी नपरेकै कारण ६ हजार ७४३ मध्ये १७३ वडामा रिक्त रहेको आयोगको पत्रमा उल्लेख छ ।

दलहरूको घोषणापत्रमा समेत समानुपातिक समावेशी प्रतिनिधित्वबारे प्रतिबद्धता खोजेको आयोगले बाध्यकारी प्रावधान बाहेक पनि पछाडि परेको समुदाय उठाउनेगरी उम्मेद्वारी तय गर्न आयोगले आग्रह गरेको छ । उम्मेद्वार मात्रै नभएर मतदाताबारे समेत सचेत रहनुपर्ने औचित्य आयोगले औल्याएको छ । गम्भीर प्रकृतिका अशक्त, दीर्घरोगी, अपाङ्गता भएका व्यक्ति, गर्भवति तथा सुत्केरी, जेष्ठ नागरिक मतदातालाई मतदान केन्द्रसम्म सहज रूपमा पुग्ने प्रबन्धका लागि सबै क्षेत्रको साथ खोजिएको छ । निर्वाचनको प्रचारमा समेत अशक्त, पीछडिएको समुदाय, मलि, बालबालिकालाई अपमानित हुन नहुनेबारे सचेत गराइएको छ । आचार संहिताका कतिपय प्रावधानप्रति दलहरूको गम्भीर आपत्ति, कतिपय सच्याउनैपर्ने परिस्थिति सिर्जना र कतिपय अनावश्यक रहेको आरोप खेपिरहेको आयोगको चुनाव केन्द्रीत केही निर्णय तथा निर्देशन भने सकारात्मक देखिन्छ ।

ठेकेदारलाई सम्बन्धित क्षेत्रमा उम्मेद्वारी दिन नदिने, समावेशीता सुनिश्चितता जस्ता आयोगको निर्णय सकारात्मक छ । किनभने संविधानकै कतिपय प्रावधान आपसमा अमिल्दो छ । कतिपय भने बाध्यकारी छैनन् । तर संविधानको भावना र निर्देशक सिद्धान्तले भने प्राथमिकतासहित सम्बोधन गरेको हुन्छ । समावेशीताको सवालमा पनि बाध्यकारी व्यवस्थाले मात्रै पुग्ने देखिन्न । जस्तो- गएको निर्वाचनमा स्थानीय तहका प्रमुख र उपप्रमुख मध्ये एक जना महिला उठाउने व्यवस्था थियो । दलहरूले भने पुरूषलाई प्रमुख र महिलालाई उपप्रमुखका रूपमा कार्यान्वयन गरे । अझ दुई भन्दा बढी दलको तालमेल भएका ठाउँमा त दुवै उम्मेद्वार पुरूष हुन पुगे । तसर्थ स्थानीय सरकारमा सहभागिताबारे आयोगले दिएको यो निर्देशनात्मक आग्रह सकारात्मक छ । दलहरूबाट पालना हुनु नै संविधानको भावना पनि हो ।

# माओवादी अन्तर्विरोधको अर्थ

*इतिहास र नीति एकातिर हुने तर, व्यवहार अर्को तिर हुने हुँदा माओवादी केन्द्रभित्र सन्तुलन छैन् । प्रवृतिगत हिसाबले कांग्रेसको विरोध गर्ने माओवादी सत्ता सहकार्य कांग्रेससँगै गरिरहेको छ, जुन निरन्तर अन्तर्विरोध निम्त्याउने विषय पनि हो ।*

अग्रलेख



● डा. केशव देवकोटा

सत्तारूढ नेकपा (माओवादी केन्द्र)भित्र नेताहरूका बीचमा अन्तर्विरोध बढेर गएको देखिएको छ । सो पार्टीको नेतृत्वमा पूर्वमाओवादी नेता पुष्पकमल दाहाल ‘प्रचण्ड’ रहे पनि अधिकांश नेता तथा कार्यकर्ताहरू पूर्वएकता केन्द्र मसालबाट आएकाहरू रहेका छन् । जो माओवादी जनयुद्धमा सामेल भएका थिएनन् । ०६३ को राजनीतिक परिवर्तनपछि तत्कालिन माओवादी पार्टीको राप-ताप देखेर उनीहरू माओवादी पार्टीमा सहभागी भए पनि सिद्धान्त, रणनीति र कार्यनीति सबैमा फरक छ । पछिल्लो समयमा सो पार्टीका अध्यक्ष दाहालको ढुलमूल व्यवहारका कारण पूर्वमाओवादी नेता तथा कार्यकर्ताहरू पनि आजित बन्दै गएको देखिएको छ । जसको ताजा उदाहरण मातृका यादवले अध्यक्ष दाहालको जनकपुरको कार्यक्रम बहिष्कार गर्नुका साथै कतिपय असहमतिका बुँदाहरू पार्टीको हेडक्वार्टरमा दर्ज गरेबाट पनि स्पष्ट हुन्छ । त्यसैगरी अमेरिकी सहयोग परियोजना (एमसीसी) अनुमोदनको विषयले पनि अध्यक्ष दाहालप्रति धेरैको बिमति बढ्दै गएको छ ।



अध्यक्ष दाहालले यसअघि पूर्वमाओवादीहरूको पुनः एकता हुने हल्ला चलाएर आफ्नो पार्टीभित्रका अन्य पार्टीबाट आएकाहरूलाई तर्साउने गरेकोमा मोहन वैद्य नेतृत्वको क्रान्तिकारी माओवादीले माओवादी केन्द्रलाई प्रतिक्रियावादी खेमाको संशोधनवादी दक्षिणपन्थी पार्टी भएको मूल्यांकन गर्दै सो पार्टीसँग कार्यगत एकता समेत हुन नसक्ने स्पष्ट गरेको छ । त्यसैगरी नेत्रविक्रम चन्द ‘ विप्लव’नेतृत्वको नेकपाले पनि माओवादी केन्द्र गैरकम्युनिष्ट बाटोमा लागेकाले एकता नहुने स्पष्ट गरिसकेको अवस्था छ । पूर्वमाओवादी नेता डा. बाबुराम भट्टराईले समेत माओवादी केन्द्रले कम्युनिष्ट नाम परित्याग नगरेसम्म एकता हुन नसक्ने स्पष्ट गर्नुभएको छ । माओवादी केन्द्रका अध्यक्ष दाहालले ०६३ को राजनीतिक परिवर्तन लगत्तैबाट प्रचण्डपथ त्याग गर्नुभएको थियो भने ०६५ जेठ ३ गते एमालेसँग पार्टी एकता गर्दा माओवाद परित्याग गर्नुभएको थियो । त्यसबीचमा चीनका राष्ट्रपतिको सि जिन पिङ विचारधारा र एमालेको जनताको बहुदलीय जनवाद अपनाउने प्रयास पनि भएको थियो । अब उहाँसँग जनयुद्धले स्थापना गरेको ‘प्रचण्ड’ नाम मात्र बाँकी रहेको छ । वास्तवमा सो नाम जनयुद्धले स्थापित गरेका कारण पुष्पकमल दाहालले आफ्नो नामबाट ‘प्रचण्ड’ शब्द हटाउनु उपयुक्त हुने धेरैको भनाई रहेको छ । किनकि उहाँहरू गत फागुन १५ मा नाटकीय ढंगले एमसीसी परियोजना पारित गरेपछि इण्डो-अमेरिकन लबीमा रहेको स्पष्ट भएको छ । जुन लबी भनेको विश्वमै कम्युनिष्ट विरोधी लबी हो । जसले भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको पक्षपोषण गर्दछ ।

देशीयरूपमा पनि माओवादी केन्द्र यतिबेला सामन्तवाद र पुँजीवादको प्रतिनिधिमूलक संस्था मानिएको नेपाली कांग्रेससँग कार्यगत एकतामा रहेको छ । उसले आगामी वैशाख ३० गते हुने भनिएको स्थानीय निर्वाचनका सन्दर्भमा बाम एकताको कुरा गरिरहेको छैन भने नेपाली कांग्रेससँग चुनावी तालमेल गरेर दीर्घकालीनरूपमा कार्यगत एकता गर्ने पक्षमा जोड बलले लागेको देखिएको छ । यतिबेला पूर्वमाओवादी पार्टीका नेता तथा कार्यकर्ताहरू अधिकांश त क्रान्तिकारी माओवादी र नेत्रविक्रम चन्द नेतृत्वको नेकपाका समाहित भइरहेका छन् । माओवादीको मूल नेतृत्वले

> नेपालको संसदबाट एमसीसी परियोजना नाटकीय ढंगले पारित भएको घोषणा गराउँदा अध्यक्ष दाहाललगायतका केही नेताहरूलाई लाभ हासिल भयो होला तर, त्यसले माओवादी केन्द्रका अधिकांश नेता तथा कार्यकर्तालाई असन्तुष्ट बनाएको छ । जसले गर्दा माओवादी केन्द्रभित्र नेताहरूका बीचमा शुरू भएको विवाद सहजै हल हुने कुनै सम्भावना छैन ।

०६३ पछि समयक्रममा धोखा दिएका कारण खास पूर्वमाओवादी समूहहरूलाई अगाडि बढ्न कठिनाइको अवस्था आएको छ । त्यसैले क्रान्तिकारी माओवादी र नेकपाले वर्तमान राजनीतिक व्यवस्थाकै अन्त्य गरेर जनगणतन्त्र स्थापना गर्ने लक्ष्य लिएको देखिएको छ । अबका दिनमा सबै पूर्वमाओवादी नेताहरू एक ठाउँमा जम्मा हुने र पार्टीलाई पुरानै अवस्थामा पुऱ्याउने कुनै सम्भावना छैन । इतिहास र नीति एकातिर हुने तर, व्यवहार अर्को तिर हुने हुँदा माओवादी केन्द्रभित्र सन्तुलन छैन् । प्रवृतिगत हिसाबले कांग्रेसको विरोध गर्ने माओवादी सत्ता सहकार्य कांग्रेससँगै गरिरहेको छ, जुन निरन्तर अन्तर्विरोध निम्त्याउने विषय पनि हो ।

एमसीसीमार्फत् नेपालमा पश्चिमा शक्तिलाई आमन्त्रण गरिएका कारण अबका दिनमा नेपालमा कम्युनिष्ट पार्टीहरूले आफ्नो अस्थित्व बचाउकै लागि पनि कठिन संघर्ष गर्नुपर्ने अवस्था आउन सक्ने देखिएको छ । संशोधनवादी विचारधारा भएको भए पनि छिमेकी चीनको कम्युनिष्ट पार्टीले यहाँका एमाले, माओवादी केन्द्र र एकीकृत समाजवादीसँग सम्पर्क गरेर सहकार्य गर्ने प्रयास गरेको देखिन्थ्यो । तर, अब एमसीसीमार्फत् उनीहरूले चीनलाई नै अप्ठ्यारोमा पुऱ्याउने प्रयास गरेपछि अब नेपालका संसदवादी कम्युनिष्ट पार्टी र चीनको सत्तारूढ कम्युनिष्ट पार्टीका बीचमा समेत सल्लाह र सहमति हुने सम्भावना कम रहेको छ । माओवादी केन्द्रका अध्यक्ष दाहालले अल्पमतमै परे पनि र संसदीय निर्वाचनमा कतिपय स्थानमा पराजय भोग्नु परे पनि माओवाद वा माओ विचारधारा मान्ने कम्युनिष्ट पार्टीहरूकै बीचमा आफूलाई घुलमिल गराउने प्रयास गर्नुपर्दथ्यो । त्यसो भएको भए उहाँको पुरानो शाख जोगिने र नेपालको कम्युनिष्ट आन्दोलनलाई केही न केही बल पुग्ने अवस्था हुन्थ्यो । तर, ०६३ को राजनीतिक परिवर्तनपछि उहाँको सम्पर्क र सहकार्य निरन्तररूपमा नेपाली कांग्रेससँग मात्र रहँदै आएको छ । माओवादी केन्द्र सत्तामा रहेकै बेला नेत्रबिक्रम चन्द नेतृत्वको कम्युनिष्ट पार्टीमाथि प्रतिबन्द लगाउने काम भएको थियो ।

